प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०१/२३

### १) बागमती प्रदेशका मुख्यमुख्य क्रियाकलापहरु:-

- आज पनि प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरुमा भएको RDT परिक्षणमा मकवानपुर जिल्लामा एक जनामा RDT पोजिटिभ देखिएकोमा र स्वाबबाट थप PCR परिक्षण गर्दा भने सोको परिणाम नेगेटिभ देखिएको छ ।

### २) महामारीको हालको अवस्था:-

- नेपालमा पहिलो कोरोना भाईरसको संक्रमण (कोभिड-१९) माघ ९, २०७६ मा पुष्टि भएको थियो। माघ ९ देखि चैत्र २० सम्ममा जम्मा ६ जनामा संक्रमण देखियो । सो अबधिमा संक्रमण देश बाहिरबाट नेपाल भित्रिएकाहरुमा मात्र सिमित भएको थियो तर चैत्र २२, २०७६ मा पहिलो पल्ट कोभिड-१९ को संक्रमण बाहिरबाट नेपाल भित्रिएकाको परिवारको सदस्यमा समेत देखा पर्यो। यसरी हाल नेपालमा संक्रमण बाहिरबाट नेपालमा आउनेमा र संक्रमित व्यक्तिबाट स्थानीय तहमा झुण्ड-झुण्ड रुपमा सरेको (Sporadic cases) देखिएको छ।
- नेपालमा हाल सम्ममा जम्मा ८२ जनामा संक्रमण देखिएकोमा बागमती प्रदेशमा जम्मा ७ जनामा संक्रमण देखिएको छ।

### ३) कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियनन्त्रण तथा प्रतिकार्य सम्बन्धि दैनिक प्रतिवेदन:-

- आज मिति २०७७।०१।२३ गते दिउँसो २ बजे सम्ममा बागमती प्रदेश अन्तर्गत COVID-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी भएका गतिविधिहरूको विवरण निम्नबमोजिम रहेको छ, आज हेटौंडामा रहेको VBDRTC को प्रयोगशालामा COVID-१९ को परीक्षणको

लागि २१ वटा स्वाब(स्याम्पल) प्राप्त भएको छ जसमध्ये ७ वटा हेटौंडा र १४ वटा चितवनबाट (१३ पुरुष, ८ महिला) प्राप्त भएको हो । सो २१ वटा स्वाब(स्याम्पल)को PCR (COVID-१९ ) परिक्षणको रिपोर्ट सबैमा नेगेटिभ देखिएको छ ।साथै अन्य विभिन्न स्थान बाट प्राप्त थप ७ वटा स्वाबको परिक्षण हुने क्रममा रहेको छ। हाल सम्ममा यस प्रयोगशालामा PCR परीक्षणको लागि ४६० स्वाब प्राप्त भएको छ ।

- यसको अतिरिक्त हालसम्म यस प्रदेशमा ८९४० RDT बाट परीक्षण गरिएकोमा १९ वटामा पोजेटिभ देखिएको छ ।आज गरिएको ८७ वटा RDT परीक्षणमा मकवानपुरबाट एक RDT पोजेटिभ देखिएको छ तर उक्त व्यक्तिको स्वाब(स्याम्पल)बाट गरिएको PCRको नतिजा भने नेगेटिभ देखिएको छ।

## ४) क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि. (RDT), पी.सि.आर. (PCR) परिक्षण सम्बन्धि विवरण:-

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टा इनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | संकलित नमुना (RT-PCR) | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा | नेगेटिभ | पोजिटिभ | |
| काठमाण्डौ | 344 | 0 | 0 | 196 | 0 | 2633 | 2626 | 7 | 280 | 276 | 4 | |
| ललितपुर | 112 | 0 | 689 | 124 | 3 | 708 | 708 | 0 | 263 | 263 | 0 | |
| भक्तपुर | 313 | 0 | 0 | 42 | 0 | 436 | 436 | 0 | 361 | 361 | 0 | |
| रसुवा | 283 | 6 | 291 | 35 | 0 | 98 | 98 | 0 | 2 | 2 | 0 | |
| नुवाकोट | 305 | 1 | 1301 | 16 | 0 | 535 | 535 | 0 | 38 | 38 | 0 | |
| धादिङ | 512 | 140 | 0 | 15 | 0 | 682 | 680 | 2 | 9 | 8 | 1 | |
| चितवन | 300 | 0 | 0 | 302 | 0 | 950 | 948 | 2 | 558 | 556 | 2 | |
| सिन्धुली | 245 | 0 | 0 | 32 | 0 | 552 | 552 | 0 | 7 | 7 | 0 | |
| मकवानपुर | 218 | 0 | 13 | 35 | 7 | 626 | 621 | 5 | 105 | 105 | 0 | |
| रामेछाप | 331 | 0 | 0 | 61 | 0 | 212 | 212 | 0 | 2 | 2 | 0 | |
| दोलखा | 160 | 0 | 0 | 41 | 0 | 393 | 393 | 0 | 10 | 10 | 0 | |
| काभ्रे | 342 | 0 | 93 | 13 | 0 | 516 | 513 | 3 | 593 | 593 | 0 | |
| सिन्धुपाल्चोक | 506 | 36 | 102 | 35 | 0 | 599 | 599 | 0 | 28 | 28 | 0 | |
| जम्मा | 3971 | 183 | 2489 | 947 | 10 | 8940 | 8921 | 19 | 2256 | 2249 | 7 | |

## ५) बागमती प्रदेशमा जम्मा संक्रमित संख्या र हालको अवस्था

(२०७७/०१/२३ गते, दिउँसो २ बजेसम्मको विवरण)

- जम्मा संक्रमितको संख्या — ७, निको भएको — ६, हाल उपचाररत— १

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाडौं

- उपचाररत — ०
- डिस्चार्ज — ३
- जम्मा -३

भरतपुर अस्पताल, चितवन

- उपचाररत — १
- डिस्चार्ज — १
- जम्मा - २




पाटन अस्पताल, ललितपुर

- उपचाररत — ०
- डिस्चार्ज — २
- जम्मा - २

## ६) बागमती प्रदेशमा संक्रमितहरुको विवरण

| क्र. स. | बागमती प्रदेश भित्रका अस्पतालहरु | कोभिड-१९ संक्रमितमध्ये | | | अन्य विवरण |
|---|---|---|---|---|---|
| | | जम्मा | उपचाररत | निको भएको | |
| १ | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाण्डौ | ३ | ० | ३ | |
| २ | पाटन अस्पताल, ललितपुर | २ | ० | २ | |
| ३ | भरतपुर अस्पताल, चितवन | २ | १ | १ | |
| | जम्मा | ७ | १ | ६ | |

स्रोतः इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

## ७) बागमती प्रदेशमा कोभिड अस्पतालको विवरणः-

| स्तर-१ | |
|---|---|
| १ | आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, किर्तिपुर |
| २ | काठमाण्डौ मेडिकल कलेज, दुवाकोट |
| ३ | कोरोना अस्थाई अस्पताल, चितवन |
| **स्तर-२** | |
| १ | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाण्डौ |
| २ | पाटन अस्पताल, ललितपुर |
| ३ | नेपाल सशस्त्र प्रहरी बल अस्पताल, काठमाण्डौ |
| ४ | भरतपुर अस्पताल, चितवन |
| **स्तर-३** | |
| १ | त्रि. वि. शिक्षण अस्पताल, महाराजगंज |

## ७) आम जनसमुदायलाई अनुरोध र सुझावहरुः-

हाल विश्व महामारीको रुपमा रहेको COVID - 19 बाट बच्न आवश्यक सावधानी अपनाएर एक जिम्मेवार नागरिकको कर्तव्य निभाउनु हामी सबैको दायित्व हो तसर्थ निम्न बमोजिमका कुराहरुमा ध्यान दिऔं र संक्रमणबाट आफु पनि बचौ, अरुलाई पनि बचाऔंः

| |
|---|
| बन्दाबन्दी (Lockdown)को पालना गरौं। |
| संक्रमित व्यक्तिको मुखबाट निस्कने थुकका छिटा-कणबाट यो रोग सिधा सर्दछ त्यसैले आफू बच्न र अरुलाई बचाउनको लागि सामाजिक दुरी कायम गरौ । व्यक्ति व्यक्ति बिचको दुरी कम्तिमा १ मिटर वा ३ फिट कायम गरौं। यसले रोगलाई सिधा सर्नबाट बचाउद छ । |
| खोक्दा वा हाछिंयु गर्दा मास्क/Tissue paper/कुहिनोले नाक, मुख छोप्ने गरौं । |
| संकास्पद वा रोगीको ( खोकी लाग्ने, ज्वरो आउने, श्वास्प्रस्वासमा समस्या आउने व्यक्तिको) सम्पर्क बाट टाढा बसौ । |
| प्रदुषित वस्तु वा सतहमा बारम्बार छोइने भएकोले नियमित रुपमा साबुन पानीले हात धुने गरौं। |
| सकेसम्म घरबाहिर वा भीडभाडमा नजाऔ । |
| हातले आँखा, नाक, मुख सकभर नछुने र छुनुपरेमा पहिला राम्रोसंग साबुन पानीले हात धुने गरौ। |
| यो रोग थुकका कण (droplets)को माध्यमले सर्ने भएकोले जथाभावी नथुकौ । |
| ढोका, चुकुल खोल्दा सकेसम्म कुहिनो वा धेरै नचलाईने हात (दाहिने चलाउनेले देब्रे र देब्रे चलाउनेले दाहिने)को प्रयोग गरौं। |
| सार्वजनिक स्थलका वस्तुहरु जस्तैः भर्याङको रेलिङ, बार आदि सकेसम्म नछुने/नसमाउने गरौं। |
| घरमा सधै छोइरहने ठाउँ वा चीज जस्तैः ढोकाको चुकुल, ह्यान्डल, बत्तीको स्वीच, टेबल, कुर्सी, धारा, बेसिन आदि सधै डिटर्जेन्ट/साबुन प्रयोग गरेर सफा गर्नुपर्छ र सफा गरिसकेपछि राम्रोसंग साबुन पानीले हात धुने गरौं। |
| इलेक्ट्रोनिक सामान (मोबाइल, ल्यापटप, ट्याब्लेट, मोनिटर, रिमोट, किबोर्ड आदि) अल्कोहोल भएको स्प्रेको प्रयोग गरेर नियमित रुपमा सफा गरौं। |
| मदिरापान, धुम्रपान गर्नाले शरीरको रोगसंग लड्न सक्ने क्षमतालाई असर गर्ने भएकोले मदिरापान, धुम्रपान नगरौं। |

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाब र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (COVID-१९)
डा. पुरुषोतम राज सेढाई